# दशौं अध्ययन
# साक्षी दिनुः चेलाहरुको काम

**तपाईंलाई उद्धार गर्नेको विषयमा अरुलाई बताउनुहोस्**

एउटा क्रिश्चियनको नाताले, हामीले अरु मानिसहरुलाई उहाँलाई आफ्नो जीवनमा ग्रहण गरेर कसरी तिनीहरुले नयाँ जन्म प्राप्त गर्न सक्दछन् भनी येशूको विषयमा बताउनु पर्छ. यही कामलाई साक्षी दिनु भनिन्छ.

येशूले भन्नु भयो,
*स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएकोछ. यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ. अनि तिनीहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिश्मा देओ* (मत्ती २८:१८, १९).

यदि तपाईं पौडी खेल्न जान्नु हुन्न तर तपाईं तलाउमा डुब्दै गर्नभएको देखेर मैले तलाउमा हामफालेर तपाईंलाई बाहिर निकाले भने, तपाईं मलाई पृथ्वी भरकै सबैभन्दा असल मानिस ठान्नु हुन्छ ! मैले तपाईंलाई बचाएको हुनाले तपाईं आफ्ना सबै साथीहरुलाई मेरो बारेमा बताउन चाहनु हुनेछ. उनीहरु समक्ष मलाई चिनाउनु पर्दा तपाईं लाज मान्नु हुन्न. येशूले तपाईंलाई शारीरिक मृत्युभन्दा पनि भयंकर दलदलबाट बचाउनु भएकोछ. उहाँले तपाईंलाई परमेश्वरबाट अनन्तसम्मका लागि दूर गरिएको नरकबाट बचाउनु भएकोछ. परमेश्वरमा अरु मानिसहरु कहाँ पुग्नु र परमेश्वरले हाम्रो लागि के गरिदिनु भयो भनी उनीहरुलाई बताउनु चाहिं हाम्रो कर्तव्य भएको छ. हाम्रो साथीहरुले, सहकर्मीहरुले, हाम्रो परिवारले र वास्तवमा संसारले नै येशूमा के कुरा प्राप्त गर्न सक्छ भन्ने बुझ्नु वा थाहा पाउनु आवश्यक छ.

*येशूले भन्नु भयो, सारा जगतमा जाओ र सम्पूर्ण सृष्टिलाई सु-समाचार प्रचार गर* (मर्कूस १६:१५).

कसैले तपाईंलाई येशूको विषयमा र उहाँले तपाईंको लागि के काम गरिदिनु भयो भनी बतायो. त्यसैले येशूलाई आफैंसंग मात्रै सीमित नबनाउनु होस्. उहाँको विषयमा अरुलाई बताउनुहोस्- येशूलाई अरुसँग बाँड्नुहोस्.

**मैले के भन्नु पर्ने हो ?**

तपाईंको जीवनलाई येशूले परिर्वतन गर्नुभएको छ. यो कुरा साधारण भाषामा बुझ्न सक्ने गरी तपाईं कसरी बताउनु हुन्छ ? यसैलाई तपाईंले दिएको गवाही भनिन्छ. आफूले विश्वास गरेको कुरा तपाईंले कसरी प्रष्टसँग बयान गर्नुपर्छ भन्ने कुरामा पनि तपाईंले विचार पुऱ्याउनु पर्छ. यस सम्बन्धमा तपाईंलाई दोस्रो अध्यायले सघाऊ पुऱ्याउनेछ. यससँग सम्बन्धित बाइबलका केही पदहरु सिक्नु पनि सहयोगी सिद्ध हुनेछ. येशूमा मुक्ति प्राप्त हुन्छ भन्ने विषयमा क्रमबद्ध तवरले अघि बढ्न तलको तालिकाले बाटो देखाउँछ :

| क्रमवद्ध विषय | सन्दर्भ पदहरु |
|---|---|
| येशूमा परमेश्वरको प्रेम र उद्धारको योजना | यूहन्ना ३:१६ |
| मानिसको पापमय स्वभाव | रोमी ३:२३ |
| पापको ज्याला (दण्ड) | रोमी ६:२३ |
| पापबाट फर्कनु (पश्चाताप गर्नु) | प्रेरित ३:१९ |
| येशू सबै कुराको उत्तर हुनुहुन्छ | यूहन्ना १४:६ |
| ख्रीष्टलाई ग्रहण गर्नु | रोमी १०:९,१० |
| मुक्तिको निश्चयता | यूहन्ना ५:२४ |
| पुनरावलोकन ● | |

त्यसपछि तपाईंले त्यही विन्दुबाट शुरु गर्न सक्नुहुन्छ. तर यी पदहरु कण्ठ गर्नु राम्रो हुनेछ.

उक्त खण्डका शब्दहरुमुनि रेखा (underline) खिच्नु - तान्नुहोस्, त्यसपछिको अर्को सन्दर्भ पद पहिलो पद लेखिएको पानामा तलपट्टि टिप्नु होस्. यसरी अर्को पद कहाँ छ भनेर खोज्न सजिलो पर्दछ. त्यसपछि तपाईं

● क्रिश्चियन हुन चाहने एउटा साथीलाई तिनीहरूले के भन्लान्, सोध्नुहोस् ।

यही तरीकाद्वारा सही किसिमले प्रगति गर्न सक्नु हुनेछ. तैपनि कि त तपाईंले धर्मशास्त्र कण्ठस्थ पार्नु नभए ती सन्दर्भ पद मात्रै भए पनि सम्भिराख्नु चाहिँ सबभन्दा राम्रो तरीका हुन्छ.

पत्रसले यसरी लेखे:
*तिमीहरुमा भएको आशाको विषयमा कसैले सोधपुछ गरे भने त्यसको जवाफ दिन तत्पर होऊ, तर त्यो काम नम्रता र श्रद्धासाथ गर* (१पत्रस ३:१५).

परमेश्वरको उद्धार गर्ने प्रेमको अनुभव गर्ने एउटा व्यक्तिको रुपमा तपाईंले बताउनु पर्ने कुराहरु धेरै छन्. तैपनि सम्भना राख्नु होस्, तपाईंले अरुलाई येशूको विषयमा बताउँदा उक्त व्यक्तिलाई द्विविधामा पर्न नदिन सरल भाषामा बताउनु होस्. मानिसहरुलाई येशूको, उहाँको प्रेमको र उहाँले तपाईं र उनीहरुकालागि पनि के के गरिदिनु भयो भन्ने विषयमा बताउंदा आधारभूत तथ्य माथि स्थीर रहनुहोस्.

**गवाही दिने एउटा नमूना**

यूहन्ना ४:७-२६ मा येशूले गवाही बाँड्ने विषयमा एउटा राम्रो नमूना देखाउनु भएकोछ. बाइबलको यस खण्डमा लेखिएकोछ, उहाँले सामरी स्त्रीसंग गफ गर्नका लागि त्यससंग मेलखाने सन्दर्भमा बार्तालाप शुरु गर्नुभयो. त्यसपछि उहाँले त्यस बार्तालापलाई शुरु गर्नुभयो. त्यसपछि उहाँले त्यस बार्तालापलाई आत्मिक कुराहरु तर्फ फर्काउनु भयो. उहाँले त्यस स्त्रीलाई आफ्नो पाप चिन्ने अवस्थामा ल्याउनु भयो. उहाँले आफैंलाई ख्रीष्ट हुँ भनी प्रकट गर्नु भयो र त्यसको सबै आवश्यकता पूर्ति गरिदिन सक्ने कुरा देखाइदिनु भयो. हामी पनि यस्तै तरीका अपनाउन सक्छौं. तर हामीले मानिसहरु समक्ष आफैंलाई देखाउनुको सट्टा ख्रीष्टलाई देखाउनु पर्छ.

**प्रार्थना गर्नुहोस्**

हाम्रा साथीहरु र परिवारका लागि हामीले गर्न सक्ने अर्को काम परमेश्वरसंग गरिने प्रार्थना हो. उनीहरु समक्ष पनि परमेश्वरले आफैंलाई प्रकट गरिदिनु भएको होस् र उनीहरुले येशू ख्रीष्टलाई प्रभु र मुक्तिदाताको रुपमा स्वीकार गर्नु आवश्यक छ भन्ने कुरामा उनीहरुलाई विश्वस्त

बनाइदिनु भएको होस् भनेर हामीले प्रार्थना गर्नुपर्छ. तपाईंका आफन्तहरु र साथीहरुको नाम लेखेर एउटा सूचि तयार पार्नुहोस् र तिनीहरुका लागि नियमित तवरले प्रार्थना गर्नुहोस्. त्यसपछि परमेश्वरले गर्नुहुने काम देखेर तपाईं दङ्ग पर्नु हुनेछ.

**गम्भीर हुनु होस्**

येशूको खातिर साक्षी हुने एउटा समय, ठाउँ र एउटा तरीका (अवस्था) प्राप्त हुनेछ. परमेश्वरसंग त्यस्तो मौका देखाई दिन तथा जुटाई दिनका लागि विन्ती गर्नुहोस्. कसैलाई करमा पारेर परमेश्वरमा समर्पित गराउनु वा लगातार एउटै कुरामा कचकच गरिरहनु राम्रो होइन. बरु तपाईंको जीवनमा येशूले कति पक्कागरी अनन्तको परिवर्तन ल्यादिनु भयो भनी देखाउनु चाहिं गवाही दिने राम्रो तरीका हो. तपाईंको आफ्नो जीवनमा आएको परिवर्तनलाई नै बोल्न दिनु पर्छ. यसो भयो भने तपाईंको सम्पर्कमा हुनेहरु आफैं तपाईंकहाँ आएर त्यस्तो परिवर्तन कसरी आयो भनी तपाईंलाई सोध्नेछन्. यसबारेमा उनीहरुलाई बयान गर्न तयार रहनुहोस्.

**तपाईंको गिल्ला गरियो भने पनि फरक पर्दैन ?**

तपाईंलाई हेरेर मानिसहरु हाँस्न सक्छन्, तपाईंलाई विभिन्न नामहरु राखिदिन सक्छन् अथवा तपाईंले बोलेको कुरा सुनेर तपाईंलाई गिल्ला गर्न सक्छन्, त्यसो भयो भने पनि फिक्री नगर्नुहोस्. मानिसहरुले येशूलाई गर्नुसम्म खराबी गरे र उहाँले यसबारेमा केही गर्न सक्नुहुन्थ्यो. उहाँले ती कुराहरुको प्रतिकार गर्नु भएन, किनभने उहाँ तपाईं र मेरो लागि दुःख उठाउन र मर्न आउनु भएको थियो. कसैले पाउन सक्नेभन्दा ठूलो कुरा हामीले प्राप्त गरेका छौं- परमेश्वरसंगको मित्रता ! परमेश्वरले अह्राउनु भएको काम गरेर उहाँको आशिष र उहाँको प्रिय हुनु चाहिँ संसारका मानिसहरुको प्रिय हुनुभन्दा अन्यन्तै असल कुरा हो. मानिसहरु एकदिन बिलाउंछन् र नष्ट हुन्छ तर परमेश्वर त अनन्तको परमेश्वर हुनुहुन्छ. येशूले भन्नु भयो, "कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस्. म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ. कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ (यूहन्ना १२:२६).

**प्रश्न तथा संकेत**

१. मानिसहरुले प्रभु येशूलाई पुकार्न र उद्धारको निम्ति उहाँमाथि विश्वास गर्न सक्नुभन्दा पहिले के कुराको आवश्यकता पर्छ ? (रोमी १०:१३-१५)
२. मानिसहरुलाई ख्रीष्टमा ल्याउनका लागि हाम्रो दायित्व के हो ? ( २कोरिन्थी ५:१८-२१)
३. हामीले ख्रीष्टको गवाही दिँदै गर्दा केको लागि प्रार्थना गर्नु पर्छ ? (प्रेरित १:८, ४:२९-३१, कलस्सी ४:३)
४. हामीले किन निर्भयसाथ लगातार गवाही दिनुपर्छ ? (रोमी १:१६)
५. के हामी हाम्रो जीवनद्वारा अरु मानिसहरुलाई येशू देखाउन सक्छौं ? (मत्ती ५:१३-१६)
६. स्वर्गमा हाम्रा पिताको सम्मुखमा येशूले कहिले हामीलाई स्वीकार गर्नुहुनेछ ? (मत्ती १०:३२)
७. एक पेजबाट नबढाईकन तपाईंको जीवनसाक्षी लेख्नुहोस्.
८. तलका बुँदाहरुको जवाफ तपाईं कसरी दिनु हुन्छः
   क. असल काम गर्नु र अर्कालाई सहायता दिनुभन्दा बढता मैले के गरेको परमेश्वर चाहनु हुन्छ ? (एफिसी २:८,९, तितस ३:५)
   ख. के सबै धर्महरुले एउटै ठाउँमा पुर्‍याउँदैनन्  र ? (यूहन्ना १४:६).
   ग. मैले कहिल्यै पनि धेरै नराम्रो काम गरेकै छैन ! (यूहन्ना ३:३, रोमी ३:२३)
   घ. म पछि (बुढो भएपछि) येशूलाई पछ्याउने बिचार गरेको छु ! (२कोरिन्थी ६:२, याकूब ४:१४)

**प्रार्थना**

महान परमेश्वर, तपाईंले मेरो लागि अधिबाटै येशूमा सबैथोक गरिदिनु भएको लागि म तपाईंलाई धन्यवाद दिन्छु. तपाईंले मलाई प्रेम र आशा दिनु भएको छ. अनि तपाईंले मलाई आफ्नै सन्तानको रुपमा स्वीकार गर्नु भएकोमा म तपाईंको प्रशंसा गर्छु. प्रभु म जान्दछु, मैले तपाईंको गवाही दिनु पर्छ, त्यसकारण मलाई तपाईंको गवाही हुन मदत गर्नुहोस्. मैले कसको लागि प्रार्थना गर्नु पर्ने हो र कसलाई मैले तपाईंको बारेमा सुनाउनु पर्ने हो  भनी मलाई देखाउनु होस्. मैले जस्तै धेरै मानिसहरुले पनि तपाईंलाई जतिसक्दो चाँडै चिनून् भन्ने म चाहन्छु. तपाईंलाई खुशी तुल्याउने गरी जिउन

मलाई मदत गर्नुहोस् र अरु मानिसहरुले म मा तपाईंलाई देख्न सकून्. प्रभु येशू, तपाईंले संसारका सबै जातिलाई चेला बनाउने काम थाल्नु भयो र सो पूरा गर्ने अभिभारा हामीलाई दिनु भएको छ. यस कार्यलाई पूरा गर्नका लागि म तपाईंमा आफैंलाई अर्पण गर्दछु. प्रभु म यहाँ छु, मलाई पठाउनुहोस्. येशूको नाउँमा म यो प्रार्थना गर्दछु. आमिन.